## सार्वजनिक/निजी/समुदायको सहकार्यमा व्यावसायिक कृषि उत्पादन प्रवर्द्धन कार्यक्रम सञ्चालन मापदण्ड,२०८२

*(मा. मन्त्रिस्तरबाट स्वीकृत मितिः २०८२/११/१४)*

<u>प्रस्तावना:</u> कृषि उपज उत्पादन वृद्धिको लागि उत्पादन क्षेत्रको विकास तथा प्रशोधन सम्बन्धी व्यावसायीकरण तथा दिगो बजार व्यवस्थापन मार्फत कृषिजन्य आयमा वृद्धि गर्ने उद्देश्यले सार्वजनिक/निजी/समुदायको सहकार्यमा व्यावसायिक कृषि उत्पादन प्रवर्द्धन कार्यक्रम सञ्चालन गर्नका लागि "बजेट तथा कार्यक्रम कार्यान्वयन सम्बन्धी एकीकृत कार्यविधि, २०८१" को दफा ४१ ले दिएको अधिकार प्रयोग गरी गण्डकी प्रदेश सरकार, कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालयले यो मापदण्ड तयार गरेको छ।

**१. <u>प्राविधिक पक्ष:</u>**

(१) यस मापदण्ड बमोजिम कृषि उपज उत्पादन तथा बजारीकरण प्रवर्द्धन कार्यक्रम, प्राङ्गारिक मल उत्पादन कारखाना स्थापना तथा सञ्चालन कार्यक्रम र कृषि उपज प्रशोधन तथा बजारीकरण कार्यक्रम हुनेछ।

(२) कृषि उपज उत्पादन तथा बजारीकरण प्रवर्द्धन कार्यक्रम देहाय बमोजिम हुनेछ।

(क) कार्यक्रम सञ्चालन गर्ने संस्थाले कम्तीमा देहाय अनुसारको क्षेत्रफल विस्तार गरी खेती गर्नुपर्नेछ।

| क्र.स. | क्रियाकलापको क्षेत्र | | न्यूनतम क्षेत्रफल | | | |
|---|---|---|---|---|---|---|
| | | एकाइ | उच्च पहाड | मध्य पहाड | तराई | कैफियत |
| १. | बेमौसमी तरकारी (संरक्षित संरचना भित्र) खेती | बर्ग मि. | ५०४ | १८०० | २३०४ | |
| २. | डल्ले च्याउ (संरक्षित संरचना) खेती | वर्ग मि. | | ८६४ | १२२४ | |
| ३. | सिताके च्याउ (संरक्षित संरचना) खेती | मुढा | | ३००० | ३००० | |
| ४. | अन्य चाउ (कन्ये, राजा) (संरक्षित संरचना) खेती | वर्ग मि. | | ८६४ | १२२४ | |
| ५. | फलफूल (किवी, ड्रागन फल,) खेती | रोपनी | २० | ३० | ४० | |
| ६. | पुष्प खेती | बर्ग मि. | | १०८० | १४४० | |

(ख) उपदफा (२) को खण्ड (क) बमोजिम सञ्चालन हुने क्रियाकलापहरु देहाय बमोजिम हुनेछन्।

(१) कृषि उपज उत्पादनको लागि आवश्यक उत्पादन सामग्री खरिद

(२) सिँचाइ व्यवस्थापन

(३) कृषि उपज उत्पादनको लागि उत्पादन संरचना निर्माण

(४) कृषि उपज उत्पादनसँग सम्बन्धित मेसिनरी औजार खरिद

(५) उत्पादनोपरान्त उपज व्यवस्थापन/ह्याण्डलिङ सम्बन्धी आवश्यक संरचना/सामग्री/मेसिन/औजार, प्रशोधन केन्द्र घर, उपज संञ्चय (गोदाम) घर, ग्रेडिङ, प्रि-कुलिङ, चिस्यान घर, तौलाई, प्याकेजिङ, लेबलिङ सम्बन्धी)

(ग) प्रस्ताव मूल्याङ्कनका आधारः

| क्र.सं. | मूल्याङ्कनका आधारहरु | अङ्कभार |
|---|---|---|
| **(१)** | **खेती गरिने क्षेत्रफल/संख्या** | **३०** |
| (क) | प्राविधिक पक्षमा उल्लिखित न्यूनतम क्षेत्रफल | २५ |
| (ख) | न्यूनतम क्षेत्रफल/संख्यामा १० प्रतिशत थप क्षेत्र विस्तार वापत थप १ अङ्क | ५ |
| **(२)** | **सिँचाइको सुविधा** | **१०** |
| (क) | सिँचाइको सुविधा भएको | १० |
| (ख) | सिँचाइको सुविधा व्यवस्था गर्न सकिने | ८ |
| **(३)** | **प्रत्यक्ष रोजगारी सिर्जना** | **१०** |
| (क) | ३ वा ३ जना भन्दा बढीलाई रोजगारीलाई दिने | १० |
| (ख) | ३ जना भन्दा कमलाई रोजगारी दिने | ८ |
| **(४)** | **पूर्वाधारको अवस्था (सडक र विद्युतको सुविधा भएको)** | **१०** |
| **(५)** | **अनुदानको अवस्था** | **१०** |
| (क) | अघिल्लो आ.व. मा कुनै पनि अनुदान प्राप्त नगरेको | १० |
| (ख) | अघिल्लो आ.व. मा सोही प्रकृतिका कार्यक्रममा अनुदान प्राप्त गरेको | ७ |

| | | |
|---|---|---|
| **(६)** | **आवेदकको कार्य अनुभव** | **१०** |
| (क) | आवेदकको कार्य अनुभव भएको | १० |
| (ख) | व्यवसायमा नव प्रवेश | ७ |
| **(७)** | **प्रस्तावकको साझेदारी प्रतिशत** | **१०** |
| | कुल लागतको ५० प्रतिशत भएमा ५ अङ्क प्रदान गर्ने र सो भन्दा थप लागत साझेदारीको लागि प्रति ५ प्रतिशत १ अङ्कका दरले थप गरी अधिकतम १० अङ्क प्रदान गर्ने। | १० |
| **(८)** | **व्यावसायिक योजना सम्बन्धी प्रस्ताव** (प्रस्तावको Pay Back period analysis, B/C ratio, Internal rate of return or IRR, Net present value or NPV, बजारीकरण, दिगोपना, नविनतम सोच लगायतका विषयहरु तथा स्थलगत अनुगमन प्रतिवेदन समेतका आधारमा प्रस्ताव मूल्यांकन गरी १ देखि १५ सम्म अङ्क प्रदान गर्ने) | **१०** |
| | **जम्मा** | **१००** |

(३) प्राङ्गारिक मल उत्पादन कारखाना स्थापना तथा सञ्चालन कार्यक्रम देहाय बमोजिम हुनेछ।

(क) “प्राङ्गारिक मल” भन्नाले कृषि बालीको लागि आवश्यक पोषकतत्व उपलव्ध गराउनको लागि बोट बिरुवा वा माटोमा प्रयोग गर्न वनस्पति तथा पशुपन्छीजन्य पदार्थ वा जीवजन्तुको मलमूत्र वा अन्य आवश्यक प्राङ्गारिक पदार्थ कुहाएर तयार गरिएको कार्बनयुक्त पदार्थ सम्झनु पर्छ।

(ख) सूक्ष्म जीवाणुहरुको सहयोग वा गड्यौलाको सहयोगमा प्राङ्गारिक मल तयार गर्न सकिन्छ।

(ग) प्राङ्गारिक मलको मापदण्ड प्राङ्गारिक तथा जिवाणु मल निर्देशिका, २०७८ बमोजिम हुनेछ।

(घ) दैनिक २ देखि १० मेट्रिक टनसम्म प्राङ्गारिक मल उत्पादन गर्ने कारखाना स्थापना गर्नु पूर्व प्रारम्भिक वातावरणीय परीक्षण गर्नुपर्नेछ। साथै, दैनिक १० मेट्रिक टनभन्दा बढी प्राङ्गारिक मल उत्पादन गर्ने कारखाना स्थापना गर्नु पूर्व वातावरणीय प्रभाव मूल्याङ्कन गर्नुपर्नेछ।

(ङ) कारखाना स्थापनाका लागि कम्तीमा पाँच रोपनी जग्गा हुनुपर्नेछ।

(च) उत्पादित प्राङ्गारिक मलको सरकारी प्रयोगशालमा परीक्षण, दर्ता लगायतका आवश्यक प्रक्रिया पुरा गरी त्यसमा भएका बिरुवाका लागि आवश्यक खाद्यतत्वको मात्रा उल्लेख गरेर मात्र बजारमा बिक्री वितरण गर्नुपर्नेछ।

(छ) कम्पोष्टिङ, क्रसिङ्ग, मिक्सिङ, ग्रेनुलेसन, Weighing, फिलिङ्ग, प्याकेजिङ्ग लगायतका कार्यहरुसँग सम्बन्धित छुट्टाछुट्टै वा आवश्यकता अनुसारका उपकरणहरु एकीकृत गरी तयार गरिएको आधुनिक मेसिन र उपकरणहरु (सवारीसाधन बाहेक) खरिद, अटोक्लेभ, लेमिनार फ्लो, heating chamber, इन्क्युबेटर, फरमेन्टर, बायोरियाक्टर लगायतका आवश्यक उपकरण तथा मेसिनहरु खरिद गर्नुपर्नेछ।

(ज) कारखाना (सेड), कच्चा पदार्थ भण्डार घर तथा उत्पादित मल भण्डार घर निर्माण गर्न सकिनेछ।

(झ) प्रस्ताव मूल्याङ्कनका आधारः

| क्र.सं. | मूल्याङ्कनका आधारहरु | अङ्कभार |
|---|---|---|
| **(१)** | **पूर्वाधारको अवस्था सडक/बिजुली/पानी** | **१०** |
| (क) | सडक, बिजुली र पानीको सुविधा भएको | १० |
| (ख) | चालु आ.व. मा सडक, बिजुली र पानीको सुविधा हुने | ५ |
| **(२)** | **जग्गाको उपलब्धता** | **१०** |
| (क) | आवेदकको आफ्नै नाममा जग्गा भएको | १० |
| (ख) | लिज करारमा लिएर सञ्चालन गर्ने | ५ |
| **(३)** | **अनुदानग्राहीको साझेदारी प्रतिशत** | **१०** |
| (क) | कुल लागतको ५० प्रतिशत भएमा ५ अङ्क प्रदान गर्ने र सो भन्दा थप लागत साझेदारीको लागि प्रति ५ प्रतिशत १ अङ्कका दरले थप गरी अधिकतम १० अङ्क प्रदान गर्ने। | १० |
| **(४)** | **रोजगारी सृजना** | **१०** |
| (क) | ५ वा सो भन्दा बढी | १० |
| (ख) | ५ भन्दा कम | ५ |
| **(५)** | **प्राविधिकको व्यवस्था (जनशक्ति)** | **१०** |
| (क) | कृषि/रसायन विज्ञान/वातावरण विज्ञान/शुक्ष्मजीव विज्ञान बिषय लिई कम्तीमा स्नातक तह अध्ययन गरेको | १० |
| (ख) | कृषि वा विज्ञान बिषय लिई कम्तीमा प्रमाणपत्र तह अध्ययन गरेको | ७ |
| (ग) | (क) र (ख) मा उल्लेख भएका बाहेकका अन्य विषयमा कम्तीमा प्रमाणपत्र तह अध्ययन गरेको | ५ |
| **(६)** | **उत्पादन क्षमता** | **२०** |

| | | |
|---|---|---|
| (क) | वार्षिक १००० मेट्रिक टन भन्दा बढी | २० |
| (ख) | वार्षिक ५०० देखि १००० मेट्रिक टन | १५ |
| (ग) | वार्षिक ५०० मेट्रिक टन भन्दा कम | १० |
| **(७)** | **कच्चा पदार्थको व्यवस्थापन** | **२०** |
| (क) | आफ्नै उत्पादन भएको | २० |
| (ख) | स्थानीय स्तरमा भएको उत्पादन खरिद गरी व्यवस्थापन गर्ने | १५ |
| (ग) | स्थानीय उत्पादनको प्रयोग गरेसँगै आयात समेत गर्ने | १० |
| **(८)** | **व्यावसायिक योजनाको प्रस्ताव** (वित्तीय योजना र विश्लेषण, जोखिम व्यवस्थापन, नवीनतम सोच, दिगोपना, बजार योजना लगायतका विषयहरु तथा स्थलगत अनुगमन प्रतिवेदन समेतका आधारमा प्रस्ताव मूल्याङ्कन गरी १ देखि १० अङ्क सम्म प्रदान गर्न सक्ने) | **१०** |
| | **जम्मा** | **१००** |

(४) कृषि उपज प्रशोधन तथा बजारीकरण कार्यक्रम देहाय बमोजिम हुनेछ।

(क) कृषि उपज उत्पादनोपरान्त उपज व्यवस्थापन/ह्याण्डलिङ सम्बन्धी आवश्यक संरचना/सामग्री/मेसिन/औजार (प्राथमिक प्रशोधन केन्द्र, गोदाम घर, ग्रेडिङ, प्रि-कुलिङ, तौलाई सम्बन्धी)

(ख) कृषि उपज प्रशोधनको लागि आवश्यक मेशिन औजार यन्त्र उपकरण रसायन सामग्री खरिद

(ग) कृषि उपज प्रशोधन तथा बजारीकरणको लागि संरचना निर्माण

(घ) प्रशोधित उपजको लेबलिङ प्याकेजिङको लागि आवश्यक मेशिन औजार

(ङ) प्रस्ताव मूल्याङ्कनका आधारः

| क्र.सं. | मूल्याङ्कनका आधार | अङ्कभार |
|---|---|---|
| **(१)** | **पूर्वाधारको अवस्था** | **१०** |
| (क) | सडक र विद्युतको सुविधा भएको | १० |
| (ख) | चालु आ.व. भित्र सडक र विद्युतको सुविधा पुर्‍याउने | ८ |
| **(२)** | **जग्गाको उपलब्धता** | **१०** |
| (क) | प्रस्तावित संरचना निर्माण गर्न आवेदकको आफ्नै नाममा जग्गा भएको | १० |
| (ख) | प्रस्तावित संरचना निर्माण गर्न जग्गा लिज करारमा लिईएको | ८ |
| **(३)** | **प्रस्तावकको साझेदारी प्रतिशत** | **१०** |
| (क) | कुल लागतको ५० प्रतिशत भएमा ५ अङ्क प्रदान गर्ने र सो भन्दा थप लागत साझेदारीको लागि प्रति ५ प्रतिशत १ अङ्कका दरले थप गरी अधिकतम १० | १० |

| | | |
|---|---|---|
| | अङ्क प्रदान गर्ने। | |
| **(४)** | **स्थापना हुने संरचनाको स्वामित्व** | **१०** |
| (क) | कृषक समूह वा सहकारी संस्था | १० |
| (ख) | निजी फर्म/कम्पनी | ८ |
| **(५)** | **कच्चा पदार्थको उपलब्धता** | **२०** |
| (क) | प्रशोधन केन्द्रको लागि आवश्यक कच्चा पदार्थ सम्बन्धित स्थानीय तहमा उपलब्ध भएको | २० |
| (ख) | प्रशोधन केन्द्रको लागि आवश्यक कच्चा पदार्थ सम्बन्धित जिल्लामा उपलब्ध भएको | १५ |
| (ग) | प्रशोधन केन्द्रको लागि आवश्यक कच्चा पदार्थ सम्बन्धित जिल्ला बाहिरबाट आयात गर्नुपर्ने | १० |
| **(६)** | **प्रशोधित उपज उत्पादन क्षमता** | **३०** |
| (क) | वार्षिक १० मेट्रिक टन भन्दा बढी | ३० |
| (ख) | वार्षिक ५ देखि १० मेट्रिक टनसम्म | २० |
| (ग) | वार्षिक ५ मेट्रिक टन भन्दा कम | १० |
| **(७)** | **व्यावसायिक योजना सम्बन्धी प्रस्ताव** (प्रस्तावको Pay Back period analysis, B/C ratio, Internal rate of return or IRR, Net present value or NPV, बजारीकरण, दिगोपना, नविनतम सोच लगायतका विषयहरु तथा स्थलगत अनुगमन प्रतिवेदन समेतका आधारमा प्रस्ताव मूल्यांकन गरी १ देखि १० सम्म अङ्क प्रदान गर्ने) | **१०** |
| | **जम्मा** | **१००** |

**३. <u>आर्थिक पक्षः</u>**

(१) स्वीकृत बजेटको परिधिभित्र रही कृषि अनुदान सम्बन्धी क्रियाकलापहरुमा अनुदानको सीमा "बजेट तथा कार्यक्रम कार्यान्वयन सम्बन्धी एकीकृत कार्यविधि, २०८१" बमोजिम हुनेछ।

(२) आवश्यकताका आधारमा कार्यक्रम सहजीकरणको लागि कार्यक्रम सम्बन्धी सूचना प्रकाशन, अभिमुखीकरण कार्यक्रम, अनुगमन मूल्याङ्कन तथा निर्माण हुने संरचना/औजार मेसिनरीको हकमा लागत अनुमान,फिल्ड अनुगमन र कार्य सम्पन्न प्रतिवेदन तयारीका लागि सब ईञ्जिनियर नियुक्ति गर्न कार्यक्रम कार्यान्वयन गर्ने कार्यालयले कार्यक्रममा विनियोजित कुल बजेटको तीन प्रतिशत नबढ्ने गरी खर्च गर्न सक्नेछ।

(३) प्रति अनुदानग्राहीको लागि अनुदानको अधिकतम सीमा रु. पच्चिस लाखसम्म हुनेछ।

**४. <u>निवेदनसँग संलग्न गर्नुपर्ने कागजातहरुः</u>**

(१) "बजेट तथा कार्यक्रम कार्यान्वयन सम्बन्धी एकीकृत कार्यविधि, २०८१" को दफा १७ को उपदफा (३) बमोजिमका कागजातको अतिरिक्त देहायका कागजातहरु पेस गर्नुपर्नेछः

(क) समूह/सहकारीको बैठक निर्णयको प्रतिलिपि,

(ख) खेती गरिने यथार्थ क्षेत्रफल सम्बन्धी विवरण खुलेको प्रस्तावित क्षेत्रको जग्गाधनी पूर्जाको प्रतिलिपि र जग्गा लिजमा लिई कार्यक्रम सञ्चालन गर्नेको हकमा न्यूनतम १० वर्षको करार सम्झौताको प्रतिलिपि।

(ग) कार्यक्रम सुरुवात र सम्पन्न पश्चात अनुदानग्राहीले सम्बन्धित स्थानीय तह र जिल्लास्थित कृषि कार्यालयबाट सिफारिस पत्र पेस गर्नुपर्नेछ।

(२) निवेदनको ढाँचा र कार्यक्रम प्रस्तावको ढाँचा "बजेट तथा कार्यक्रम कार्यान्वयन सम्बन्धी एकीकृत कार्यविधि, २०८१" को दफा १७ को उपदफा (२) बमोजिमको हुनेछ।

**५. <u>संशोधनः</u>** मन्त्रालयले आवश्यकता अनुसार यो मापदण्ड संशोधन गर्न सक्नेछ।

**६. <u>प्रचलित कानुन बमोजिम हुनेः</u>** यो मापदण्डमा उल्लेख भएका विषयहरु यसै बमोजिम र अन्य विषयहरु प्रचलित कानुन बमोजिम हुनेछ।